जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १३४ ❑ २०८३ जेठ ०५ गते मंगलबार ❑ Tuesday, 19 May 2026 ❑ मूल्य ७ /-



✍ सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

## वैश्विक आर्थिक संकट विकराल हुँदै जाने संकेत

③

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**आवश्यकता**

**पूर्वसन्देश दैनिक**का लागि **बजार व्यवस्थापक**को आवश्यकता परेकाले इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला । उमेर ३० वर्ष माथि भएका र अनुभवीलाई विशेष ग्राह्यता ।

**पार्ट टाइमको अवसर**

पत्रिका सम्बन्धि विविध कामका लागि बिहान/दिउँसो २ देखि ४ घण्टासम्म पार्ट टाइम "जब"को व्यवस्था गरिएको छ । पारिश्रमिक काम र क्षमताका आधार मा समभ्रुदारीमा निर्धारण गरिनेछ ।

**सम्पर्कका लागि**
पूर्वसन्देश दैनिकको कार्यालय
एलम्बर चौक, दमक-५, : ९८१६९९९२००

## ओलीले राखे विद्याको सदस्यता नविकरणको प्रस्ताव

दमक । एमाले सचिवालय बैठकले पूर्वराष्ट्रपति विद्या भण्डारीको पार्टी सदस्यता नवीकरण गर्ने प्रस्ताव अनुमोदन गरेको छ। अध्यक्ष केपी शर्मा ओलीले भक्तपुरस्थित आफ्नै निवासमा बसेको बैठकमा भण्डारीको निवेदन पेश गर्दै सदस्यता नवीकरणको प्रस्ताव गरेका थिए।

सचिव भानुभक्त ढकालका अनुसार ओलीको प्रस्तावमा बैठकमा सर्वसम्मत समर्थन भएको थियो। भण्डारीले ११औं महाधिवेशनअघि नै सदस्यता नवीकरणको आग्रह गरेकी भए पनि त्यसबेला निर्णय रोकिएको थियो। हालै गुण्डुस्थित निवासमा भएको भेटपछि विषय पुनः अघि बढाइएको एमाले स्रोतले जनाएको छ। बैठकमा ओलीले पार्टीभित्र एकता आवश्यक रहेको भन्दै सडक र सदन दुवैतर्फ मिलेर अघि बढ्नुपर्ने धारणा राखेका थिए।

## शर्मा विरुद्ध १६ उजुरी

दमक/ प्रस्तावित प्रधानन्यायाधीश डा. मनोज शर्माविरूद्ध संसदीय सुनुवाइ समितिमा १६ वटा उजुरी परेका छन्। संघीय संसद्को संसदीय सुनुवाइ समितिले वैशाख २६ गते उजुरी दिन १० दिनको समय दिएको थियो। प्राप्त उजुरीमाथि मंगलबारदेखि सुनुवाइ प्रक्रिया सुरु गरिने संसद् सचिवालयले जनाएको छ ।

उजुरीकर्ताहरूलाई समितिको बैठकमा उपस्थित हुन बोलाइएको छ । काठमाडौंकी जस्मिन ओझाले दर्ता गराएको निवेदनमा डा । शर्माको नियुक्तिविरूद्ध संवैधानिक योग्यता, नैतिकता र निष्पक्षतामाथि प्रश्न उठाइएको छ । उनले नियुक्ति अस्वीकृत गर्न तथा आवश्यक परे महाभियोग प्रक्रिया अघि बढाउन माग गरेकी छन् ।

### कोशी सरकारको अलर्ट

# तराईमा बाढी, पहाडमा पहिरोको खतरा

✍ **पूर्वसन्देश समाचार**

दमक/ यस वर्षको मनसुनका कारण कोशी प्रदेशका तराईका जिल्लामा बाढी र पहाडी जिल्लामा पहिरोको उच्च खतरा देखिएको छ । तराईका झापा, मोरङ र सुनसरीमा बाढी र डुवानको उच्च खतरा रहेको अध्ययन्ले देखाएको छ ।

प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रतिवेदन अनुसार कोशी प्रदेशमा विपद्को जोखिम निकै उच्च देखिएको छ । विशेषगरी तराईका झापा, मोरङ र सुनसरीमा बाढी र आगलागीको ठूलो खतरा छ भने ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बु जस्ता पहाडी तथा हिमाली जिल्लाहरु पहिरोको उच्च जोखिममा छन् । तथ्यांक अनुसार प्रदेशभर झण्डै ९९ हजार ७७७ घरधुरी आगलागी र बाढीको जोखिमपूर्ण सूचीमा रहेका छन् । तराईका ग्रामीण भेगमा रहेका फुसका छाना भएका घरहरु बढी असुरक्षित देखिएकाले त्यस्ता क्षेत्रमा 'मुख्यमन्त्री अग्नि नियन्त्रण' कार्यक्रम मार्फत विशेष निगरानी र सचेतनाका कार्यक्रम सुरू गरिएको छ ।

चालु आर्थिक वर्षमा भने कोशी प्रदेश सरकारले हालसम्म १५३ वटा घटनाका पीडित परिवारलाई ६१ लाख ६० हजार रूपियाँ राहत उपलब्ध गराएको छ । प्रदेश सरकारको नीति अनुसार विपद्मा ज्यान गुमाउनेका परिवारलाई प्रतिव्यक्ति १ लाख र एकाघरका थप सदस्यको मृत्यु भएमा थप ५० हजारका दरले राहत दिइँदै आएको मन्त्रालयका विपद् महाशाखाका अधिकृत सदानन्द भट्टराईले जनाएका छन् ।

**के छ तयारी ?**

मनसुनको आगमनसँगै हुन सक्ने प्राकृतिक विपद्को सम्भावित क्षति न्यूनीकरणका लागि कोशी प्रदेश सरकारले विशेष तयारी थालेको छ । भौगोलिक जटिलता र विगतका अनुभवलाई आधार मान्दै आन्तरिक मामिला तथा कानुन मन्त्रालयले 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य प्रदेश कार्ययोजना २०८२/२०८३' स्वीकृत गरी कार्यान्वयनमा ल्याएको हो । यसपटकको कार्ययोजनाले उद्धार र राहत मात्र नभई जोखिमको पहिचान र पूर्वसूचना

बाँकी ४ पेजमा ▸▸

# ३५० बढीले पाए बचत फिर्ता

दमक । सरकारले समस्याग्रस्त सहकारीका साना बचतकर्ताको रकम फिर्ता सुरु गरेको छ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले आज ३ वटा सहकारीका ३ सय ७८ जना साना बचतकर्ताको रकम फिर्ता गरेको हो ।

समितिका अनुसार कान्तिपुर सहकारीका २ सय १५, शिव शिखर बहुउद्देश्यीय सहकारीका १ सय ५६ जना र पशुपति सहकारी ७ जना साना बचतकर्ताले बचत फिर्ता पाएका हुन् ।

समितिका अनुसार सोमबार पहिलो दिन थोरै बचत रकम भएका बचतकर्ताहरूलाई रकम फिर्ता गरिए पनि अब क्रमश बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर फिर्ता गरिने छ ।

समितिका अनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताहरूको करिब ४६ अर्ब रूपैयाँ बचत फिर्ता गर्नुपर्ने छ । तीमध्ये अधिकांश साना बचतकर्ता रहेका छन् ।

पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठुला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ । कूल ७६ हजारमध्ये पाँच लाखभन्दा बढी बचत गर्ने जम्मा १८ हजार रहेको समितिले जनाएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावलले बचत फिर्ताका लागि सहकारीहरूको ऋण असुल्ने काम

बाँकी ४ पेजमा ▸▸

# झापाका निर्माण व्यवसायीद्वारा काम रोकेर विरोध




भद्रपुर । झापाका निर्माण व्यवसायीहरूले निर्माण सामग्री, पेट्रोलियम पदार्थ, ढुवानी र श्रमिक लागतमा भएको अत्यधिक मूल्यवृद्धिको विरोध गर्दै सरकारी विकास-निर्माणका काम ठप्प पारेका छन्। निर्माण व्यवसायी संघ झापाको नेतृत्वमा सोमबार जिल्ला प्रशासन कार्यालयसहित विभिन्न सरकारी निकायमा ज्ञापनपत्र बुझाउँदै व्यवसायीहरूले वर्तमान अवस्थामा पुरानै दररेटमा काम गर्न असम्भव भएको बताएका हुन् ।

निर्माण व्यवसायी संघ झापाका अध्यक्ष रमेश अधिकारीले मध्यपूर्वको द्वन्द्वका कारण पेट्रोलियम पदार्थको मूल्य आकासिएको र त्यससँगै निर्माण सामग्रीको लागत दोब्बरजस्तै बढेकाले पुरानो सम्झौताअनुसार काम गर्दा ठूलो घाटा व्यहोर्नुपर्ने अवस्था आएको बताए। उनले संघीय तथा

बाँकी ४ पेजमा ▸▸

## विद्यालयहरूमा खाद्य सुरक्षा कार्यक्रम शुरू

दमक/ दमक नगरपालिकाले खाद्य सुरक्षा बारे जनचेतना अभिवृद्धी गराउने उदेश्यले विद्यालय लक्षित सचेतना कार्यक्रम शुरू गरेको छ । कार्यक्रम दमकको हिमालय माविबाट शुरू भएको हो ।

खाद्य स्वच्छता तथा सुरक्षाका बारेमा जानकारी गराउने उदेश्यले दमक नगरपालिकाले विद्यालय लक्षित कार्यक्रम शुरू गरेको जनाएको छ । स्वस्थ आहार, पोषण, खाद्य सुरक्षा लगायतका बारेमा जानकारी गराउन कार्यक्रम शुरू गरिएको हो । यो कार्यक्रम दमकका सामुदायीक तथा संस्थागत विद्यालयहरूमा सञ्चालन हुने छ । कार्यक्रमले विद्यार्थीहरूमा सहि खानपान तथा सुरक्षाका बारेमा जानकारी पुग्ने कार्यक्रमका प्रमुख अतिथी समेत रहेका दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले विश्वास व्यक्त गरे ।

विद्यार्थीहरू मार्फत परिवार र समाजमा सकारात्मक सन्देश प्रवाहमा कार्यक्रम उपयोगी हुने विश्वास लिईएको दमक नगरपालिका खाद्य अधिकृत लक्ष्मी

बाँकी ४ पेजमा ▸▸

## श्रम संस्कृतिलाई सभामुखको चेतावनी

काठमाडौं/ संघीय संसदमा सोमबार देखि प्रिबजेट छलफल शुरू भएको छ । प्रतिनिधिसभा बैठक सुरु हुनासाथ श्रम संस्कृति पार्टीका सांसदहरूले वेल घेराउ गर्दै सभामुखलाई पर्चा देखाए पछि सभामुख डोलप्रसाद अर्यालले आपत्ति प्रकट गरेका छन् ।

सभामुख अर्यालले संसदमा यसरी पर्चा देखाउने अभ्यास नरहेको भन्दै यो मर्यादित नहुने टिप्पणी गरेका थिए । आगामी दिनमा यस्तो कार्य नगर्न उनले चेतावनी

बाँकी ४ पेजमा ▸▸

## मिलमा आगलागी

भद्रपुर/ झापाको मेचीनगर नगरपालिका- १३ कालीवारी रोडस्थित मित्तल एग्रोमा आगलागी भएको छ । आईतबार राति बिर्तामोड -३ बस्ने दीपेन्द्रकुमार अग्रवालले सञ्चालन गरेको मित्तल एग्रोमा अचानक आगलागी भएको हो । आगलागीबाट चामल तथा मकैको च्याँख्ला बनाउने मेसिन पूर्णरूपमा जलेर नष्ट हुँदा अन्दाजी छ लाख बराबरको क्षति भएको छ ।घटनाबारे प्रहरी चौकी चारआलीमा जानकारी प्राप्त भएपछि खटिएको प्रहरी टोली र फ्याक्ट्रीका कामदारको सहयोगमा राति ९ बजे आगो पूर्णरूपमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## आफैले आफ्नै घाँटी रेटेर घाइते

उर्लाबारी । मोरङको मिक्लाजुङ गाउँपालिका-२ मा ३३ वर्षीय आशकुमार राईले खुकुरीले आफ्नै घाँटी रेट्दा गम्भीर घाइते भएका छन्। उनलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि विराटनगरस्थित विराट नर्सिङ होममा भर्ना गरिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार राईले केही समयदेखि अस्वभाविक व्यवहार देखाउँदै आएका थिए र मानसिक समस्या रहेको जानकारी आफन्तले दिएका छन्। उनकी पत्नी वैदेशिक रोजगारीका लागि तीन वर्षदेखि दुबईमा रहेकी छन्। स्थानीयका अनुसार आइतबार राति छिमेकी र आफन्तले निगरानी गरे पनि सोमबार बिहान उनले कोठाभित्र घाँटी रेटेको पाइएको हो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## दुर्घटनामा एकको मृत्यु, दुई घाईते

धरान/ धनकुटाको चौबिसे गाउँपालिका-४ विजिटारमा विंगर भ्यान दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ । दुर्घटनामा दुई जना घाइते भएका छन् । निर्माणाधीन तमोर करिडोर सडक खण्डमा सोमबार बिहान भएको दुर्घटनामा मोरङको सुन्दरहरैँचा नगरपालिका-६ बस्ने

बाँकी ४ पेजमा ▸▸

आवश्यकता • आवश्यकता • आवश्यकता

**कर्मचारी आवश्यकता**

Damak, Jhapa

यस आरम्भ कम्प्युटर प्रा लि दमकका लागि केही दक्ष तथा इमानदार कर्मचारीहरू आवश्यक भएकोले इच्छुकले सम्पर्क गर्न सक्नुहुनेछ ।

1 कम्प्युटर टेक्निसियन
- संख्या: ३
- सम्बन्धित काममा दक्ष
- दुई वर्षसम्मको अनुभव भएको
- +2 सम्मको पढाइ भएको
- सबारी लाइसेन्स भएको वा कुदाउन जान्ने हुनुपर्नेछ ।

तलब रु. २५,000 + बोनस

2 कम्प्युटर टेक्निसियन सहायक
- संख्या: ५
- काम गर्नसक्ने दृढ इच्छा भएको तथा कामको आवश्यक भएको (विशेषत विधार्थी वर्गका लागि)
- SEE सम्मको पढाइ

तलब रु. १५,000 + बोनस

3 सेल्स पर्सन
- संख्या: २
- अफिस/पसल वा मार्केटिङ्मा दुई वर्षसम्म काम गरेको मिनिमम योग्यता हुनुपर्नेछ

तलब रु. २५,000 देखि रु. ४0,000 सम्म

4 सेल्स असिस्टेन्ट
- संख्या: ५
- काम गर्नसक्ने दृढ इच्छा भएको तथा कामको आवश्यक भएको (विशेषत विधार्थी वर्गका लागि)

तलब रु. १५,000 + बोनस

आवश्यक कागजातहरू
- नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
- सम्बन्धित कामको योग्यताको प्रमाणपत्र
- हस्तलिखित निवेदन (अनिवार्य)

नोट: टाढाबाट आउनेलाई आवासको पनि व्यवस्था गरिनेछ ।

कृपया CV बनाई मेल वा WhatsApp गर्न सक्नुहुनेछ ।

सम्पर्क मिति: ज्येष्ठ ३ गते देखि ज्येष्ठ १० सम्म
उमेर १८ वर्ष देखि ४० वर्ष भित्रको हुनुपर्ने छ ।

सम्पर्क
आरम्भ कम्प्युटर प्रा लि
दमक-६, झापा
०२३-५७६२४६
९८५२६७६२४६
arambha.computer@gmail.com

**एभरेष्ट बैंक लिमिटेडको दमक शाखा कार्यालय स्थानान्तरण सम्बन्धी सूचना**

यस बैंकको कोशी प्रदेश, झापा जिल्ला, दमक नगरपालिका, वडा नं. ८, दमक स्थित शाखाको **लकर सेवा सहित शाखाको सम्पूर्ण बैंकिङ्ग सेवा तथा कारोबारहरु** २०८३/०२/१८ **(तदअनुसार सन् ०१ जून २०२६) सोमबार देखि** दमक नगरपालिका, वडा नं. ६, झापामा रहेको नयाँ भवनमा (हालको स्थानबाट करिब ९५० मिटर उत्तर पुर्व तर्फ), स्थानान्तरण भई सञ्चालन हुने व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरु तथा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उक्त शाखा कार्यालयबाट लकर सुविधा उपभोग गरिरहनु भएका सम्पूर्ण ग्राहक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र आफ्नो सामान सुरक्षाको लागि आवश्यक पूर्व सावधानी अपनाउनु हुन अनुरोध छ। तसर्थ, तोकिएको म्याद पश्चात सम्पूर्ण लकरहरु जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा यथाशक्य सुरक्षित तरिकाले नयाँ भवनमा स्थानान्तरण गरिने व्यहोरा सुचित गराउदछौं ।

उक्त म्याद भित्र लकर सुविधा उपभोग गरिरहनु भएका सम्पूर्ण ग्राहकहरु उपस्थित नभएकै कारण लकर स्थानान्तरण कार्य स्थगित गरिने छैन।

उक्त शाखा स्थानान्तरण कार्यले ग्राहक महानुभावहरुलाई पर्न गएको असुविधाका लागि क्षमाप्रार्थी छौं।

एभरेष्ट बैंक लिमिटेड
EBL EVEREST BANK LIMITED

प्रधान कार्यालय:
लाजिम्पाट, काठमाण्डौं
फोन नं.: ०१-४५४३३७७।
फ्याक्स नं. ०१-४५४३१६०, SWIFT: EVBLNPKA

**सम्बन्धित सबैको जानकारीका लागि**

**दमक नगरपालिकाको सूचना**

दमक नगरपालिकाका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको नगरपालिकाको निर्णयानुसार मिति २०८२ चैत्रदेखि वडा नं. ५ र वडा नं. ७ को जग्गा नांपजांच भईरहेकोमा, संघिय सरकारको निर्णय अनुसार हाल भूमि समस्या समाधान आयोग विघटन भएको हुँदा, जग्गा नांपजांच सम्बन्धी कार्य अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

राम कुमार थापा
नगर प्रमुख

# सम्पादकीय

## चियाको बाटो खुलाउन जरुरी

दुई साता देखि चिया निर्यात ठप्प छ । व्यवसायीहरूको तर्फबाट पटक पटक प्रयास गरे पनि निर्यात सहज हुन नसके पछि उनीहरूले सरकारको उच्च स्तर बाटनै पहलकदमीको आवश्यकता देखिन्छ । भारत सरकारले मे १ देखि लागू हुने गरी चिया आयातमा नयाँ र अन्यावहारिक नीति लागू गरेपछि ठप्प बनेको चिया निर्यात कहिलेबाट खुल्छ वा सधैंका लागि बन्द हुन्छ भन्ने अन्योलले चिया क्षेत्र त्रसित बनेको छ ।

चैत र वैशाख महिनाभरि टिपिने हरियो पत्ती चियाको गुणस्तरका लागि सबभन्दा राम्रो मानिन्छ । त्यसैले बगानबाट टिपिएको पत्ती प्रशोधन गरेर तयारी चिया बनाउन उद्योगहरु व्यस्त छन् । तर वर्षभरिकै सबभन्दा राम्रो गुणस्तरको चिया उत्पादन हुने बेला गुणस्तरकै प्रश्न उठाएर भारतले नेपालको तयारी चियाको आयात रोकेको दुई साता भन्दा बढि भए पछि उनीहरू समस्यामा परेका हुन् ।

नेपाली चियाको एक मात्र अन्तर्राष्ट्रिय बजार भारततिर चिया पठाउने मुख्य समयमै १५ दिनदेखि निर्यात ठप्प हुँदा किसान तथा उद्यमीहरू संकटमा पर्दा नेपालको वैदेशिक व्यापारमा महत्वपूर्ण हिस्सा ओगट्ने चीयाको व्यापार खस्कने देखिन्छ । यसबाट समग्र बैदेशिक व्यापारमानै गिरावट ल्याउन सक्ने भएकाले यसका लागि उचित निकाश खोजिन आवश्यक छ ।

नेपालमा वार्षिक रुपमा उत्पादन हुने करिब ७० लाख किलो अर्थोडक्स चियामध्ये इलाममा मात्रै ४० देखि ४५ लाख किलो उत्पादन हुन्छ । नेपालमा अहिले साना-ठूला गरी १२० हाराहारी चिया उद्योग छन् । त्यस्तै, १०० भन्दा बढी साना-मझौला उद्यमी सक्रिय छन्, जहाँ किसान र श्रमिक गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा ५० देखि ६० हजार मानिसले रोजगारी पाएका छन् । अघिल्लो वर्ष मात्रै सिटिसी र अर्थोडक्स गरी कुल ४ अर्ब ७५ करोड रुपैयाँ बराबरको चिया निर्यात भएको थियो । अहिले भारतको नयाँ नीति पूर्ण रुपमा लागू भए नेपालको कुनै पनि चिया उद्योग टिक्न नसकने अवस्था आउनुले यो क्षेत्र गम्भिर समस्यामा देखिन्छ ।

यस बेला चिया क्षेत्रको प्रतिनिधीत्व गर्ने उच्च स्तरीय सरकारी निकाय अहिले नेतृत्व विहिन छ । अध्यादेश ल्याएर चिया तथा कफी विकास बोर्डको नेतृत्व हटाएको सरकारले नयाँ नेतृत्व चयन गरेको छैन । त्यसैले सरकारको उच्च तहबाटनै यो समस्याको निकाश खोजेर चिया क्षेत्रको करोडौं लगानी, हजारौंको र ोजगारी र बैदेशिक व्यापारको महत्वपूर्ण हिस्साको संरक्षण आवश्यक देखिन्छ ।

## सगरमाथा आरोही शेर्पालाई प्रधानमन्त्री बालेनको बधाई



दमक । प्रधानमन्त्री वालेन्द्र शाहले ३२औँ पटक सगरमाथाको सफल आरोहण गरेका कामी रिता शेर्पा र ११औँ पटक सगरमाथा आरोहण गर्ने लाक्पा शेर्पालाई बधाई तथा उच्च सम्मान व्यक्त गरेका छन् ।सामाजिक सञ्जाल एक्समार्फत प्रधानमन्त्री शाहले आरोहीहरूको यो सर्वोच्च सफलताले नेपालको पर्वतीय पर्यटनलाई अझ विश्वसनीय, गौरवपूर्ण र आकर्षक बनाउँदै अन्तर्राष्ट्रिय जगतमा नेपालको पहिचानलाई अझ उज्यालो बनाउने विश्वास लिएको बताएका छन् ।

शेर्पाले सगरमाथाको ३२ औँ पटक सफल आरोहण गर्दै आफ्नै विश्व कीर्तिमान पुनः नवीकरण गरेका हुन् । "विश्वको सर्वोच्च शिखर सगरमाथा केवल एउटा भौगोलिक उचाइको अवयव मात्रै होइन, नेपालको आत्मसम्मान, साहस, धैर्य र हिमाली सभ्यताको सर्वोच्च प्रतीक हो। यही गौरवशाली हिमालमाथि आज नेपाली आरोहीहरूले पुनः इतिहास लेखेका छन", प्रधानमन्त्रीले भनेका छन् ।

साथै, 'माउन्टेन क्विन' का रूपमा परिचित लाक्पा शेर्पाले ११औँ पटक सगरमाथा आरोहण गर्दै महिला आरोहीमध्ये सबैभन्दा धेरै पटक सगरमाथा आरोहण गर्ने विश्व कीर्तिमान कायम गरेका छन् ।

"निरन्तरको अदम्य साहस, कठोर आत्मअनुशासन र कर्मप्रतिको इमान्दार समर्पणले मात्रै यस्तो ऐतिहासिक सफलता प्राप्त हुन सक्दछ", प्रधानमन्त्री शाहले भनेका छन्, "खुसीको यो क्षणलाई सबैजनासँग साझा गर्दै दुबैजना आरोहीलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।"

नेपालको पर्वतारोहण इतिहासमा शेर्पा समुदायको योगदान असाधारण र अनुपम रहेको उनको भनाइ छ । हिमाललाई ईश्वर झैं पुजन गर्ने, जोखिमलाई जिम्मेवारीका रूपमा स्वीकार गर्ने, र विश्वभरका आरोहीलाई सुरक्षित रूपमा शिखरसम्म पुर्याउने शेर्पाहरु वास्तवमै हिमालयका अदृश्य नायक भएको उल्लेख गर्दै प्रधानमन्त्री शाहले उनीहरूको साहस, ज्ञान र श्रम बिना हिमालको गौरव अधुरो रहने बताएका छन् । "सम्पूर्ण नेपालीको तर्फबाट कामी रिता शेर्पा, लाक्पा शेर्पा तथा सम्पूर्ण आरोही, शेर्पा समुदाय र पर्वतारोहण क्षेत्रमा समर्पित सबैप्रति हार्दिक बधाई तथा उच्च सम्मान व्यक्त गर्दछु", प्रधानमन्त्रीले भनेका छन् ।

# वैश्विक आर्थिक संकट विकराल हुँदै जाने संकेत



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**इरानमाथि अमेरिकाले लगाएका सर्तहरु र बन्देजहरुलाई इरानले मान्न ठाडै अस्वीकार गरिरहेको अवस्था छ। विश्व राजनीतिमा दबदबा राख्ने र बलियो देखिने रूस र युक्रेन आफै वर्षौंदेखि आत्मघाती युद्धमा फसिरहेका छन्।**

इरान अमेरिका युद्धले गर्दा वैश्विक आर्थिक संकट दिन प्रति दिन गहिरिँदै छ। युद्धले गर्दा इरान र अमेरिका एक अर्कालाई जसरी भए पनि ध्वस्त बनाई दिने धम्की पूर्ण भाषाहरु प्रयोग गरी रहँदा विश्वको अर्थतन्त्रमा कति खैलाबैला मचेको छ ,भन्ने कुरा बारे उनीहरूमा अलिकति पनि चिन्ता , चासो र विवेक जागेको देखिँदैन। उनीहरूले राजनैतिक र कुटनैतिक रूपले मात्र होइन ,ठूलो सैन्य संगठन र एक से एक महाविनाशकारी हात हतियारको प्रयोग गरी एक अर्कोको अस्तित्वलाई समाप्त पार्ने र शक्तिहीन बनाई दिने युद्ध रणनीतिमा आफ्ना फौजलाई निरन्तररूपमा आदेश दिई रहेका छन् । इरानले एकै साथ आफ्ना आन्तरिक शत्रु र बाहिरिया शत्रु संग एकै साथ युद्धमा होमिनु परेको छ ।इरानका सेनाका उच्च पदस्थ सैन्य अधिकारीहरू र सत्ताधारी सरकारका कयौ ठूलो पदाधिकारी हरू तथा नेताहरु अमेरिकी सेनाको आक्रमणमा परी ज्यान गुमाइ रहेका छन् ।

इरानको अर्थतन्त्रमा दिनहुँ भुँइ चालो चल्न थालेको छ ।इरानले आफ्नो तेल भण्डारबाट प्राकृतिक तेल झिकेर समुद्रमा बगाउन थालेको छ। तर विश्व बजारमा लगातार पेट्रोलियम पदार्थको ठूलो कमी भै रहेको छ।खाना पकाउने ग्याँस को अभावले गर्दा संसारमै अनौठो किसिमको संकट देखा पर्न सक्ने अवस्था सृजना हुन थालेको छ। प्राकृतिक ऊर्जा आधुनिक विश्व अर्थतन्त्रको आधारशिला नै रहेको हुनाले गाउँदेखि सहरसम्म प्राकृतिक ग्यास इन्धनको समस्याले आम जनमानस त्रसित भइरहेको देखिन्छ। प्राकृतिक इन्धनको ८० प्रतिशत जति आयात इरानकै हुर्मुज स्ट्रेटको बाटो भएर संसारका अन्य देशहरूले गराउँदै आएको हुनाले अमेरिका र इरान बीच चलेको भीषण संघर्षले इरानको हुर्मुज स्ट्रेट क्षेत्र अहिले युद्ध मैदानको रूपमा परिणत भइसकेको छ । खाडी मुलुकबाट प्राकृतिक ग्यास इन्धनको सप्लाई हुने एकमात्र अन्तर्राष्ट्रिय जलमार्ग होर्मुज स्ट्रेटलाई इरानले पूर्णरूपमा आफ्नो सैनिक नियन्त्रणमा राखेको छ र शत्रु देशका इन्धन बोकेका जहाजहरूलाई छेप्यास्त्र प्रहार गरेर ध्वस्त बनाइदिने अवस्थाहरु विद्यामान रहेको छ भने अर्कोतिर अमेरिकाले पनि इरानको प्राकृतिक ग्याँसको र पेट्रोलियम पदार्थहरूको बिक्री वितरणमाथि प्रतिबन्ध लगाएको हुनाले इरानले उक्त अन्तर्राष्ट्रिय जलमार्गलाई स्वतन्त्र रूपमा प्रयोग गर्न नदिने अवस्थासम्म त्यस क्षेत्रमा लगातार निगरानी गरिरहेको छ र इरानको ध्वजवाहक जस्तोसुकै जहाजहरु देख्नेबित्तिकै अमेरिकाले छेप्यास्त्र प्रहार गरेर ध्वस्त बनाइदिने अवस्था रहेको छ। यस्तो अवस्थामा केही शक्तिशाली देशहरु बाहेक अन्य सबै देश हरु जो आफै प्राकृतिक ग्यासको उत्पादन गर्न सक्दैनन् र प्राकृतिक ऊर्जाको लागि खाडी मुलुकहरूमाथि निर्भर रहेको छ तिनीहरूलाई ऊर्जाको ठूलो संकट देखा पर्न थालिसकेको छ । पेट्रोलियम पदार्थ र खाना पकाउने ग्याँसहरूको मूल्यमा लगातार वृद्धि भइरहेको छ ।

पेट्रोलियम पदार्थको अभावले गर्दा हवाइजहाजको भाडामा लगातार वृद्धि भइरहेको छ। विमानहरूले नियमित रूपमा उडान भर्न सकिरहेका छैनन्। रोजगारीको सिलसिलामा टाढाटाढाका मुलुकहरूमा काम गर्न जाने युवा शक्तिहरु लाई महगो हवाई शुल्क तिर्नुपर्दा अति नै सास्ती भोग्नु परिरहेको अवस्था छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान सेवाहरूमा क्रमिक रूपमा भाडादर वृद्धि हुँदै गइरहेको छ। सार्वजनिक यातायातका साधनहरु सडकमा सीमित रूपमा गुड्दैछन् । दैनिक चल्ने बसहरु पनि नियमित रूपमा सेवा दिन सकिरहेका छैनन्। विदेशबाट आउन र विदेश जानेहरु यातायात भाडा वृद्धि दरले गर्दा अत्याधिक मर्कामा परेका छन्। उनीहरूको पिर बुझिदिने कोही छैन। अमेरिकाले इरानलाई जुनसुकै हालतमा जस्तोसुकै कारबाही गरेर भएपनि परमाणु शक्ति सम्पन्न राष्ट्र बन्न नदिने नीति अख्तियार गरेको हुनाले अमेरिकाको दादागिरीले विश्वमा ठुलो खैलाबैला मचाउन थालिसकेको छ। अहिले अमेरिकालाई थामथुम पारेर इरानसँग युद्धविराम गराइदिने राष्ट्रहरु पनि अगाडि आउन चाहिरहेका देखिँदैनन्।


इरानमाथि अमेरिकाले लगाएका सर्तहरु र बन्देजहरूलाई इरानले मान्न ठाडै अस्वीकार गरिरहेको अवस्था छ। विश्व राजनीतिमा दबदबा राख्ने र बलियो देखिने रूस र युक्रेन आफै वर्षौंदेखि आत्मघाती युद्धमा फसिरहेका छन्। चीन र उत्तर कोरिया आफ्नै ढंगले आफ्नै पाराले विश्वको महाशक्ति राष्ट्र बन्ने होडबाजीमा लागेका छन्। रूस, चीन, उत्तर कोरिया, इजरायल, युक्रेन, भारत, पाकिस्तान यी सबै देशहरु परमाणु शक्ति सम्पन्न राष्ट्रको रूपमा रहेका छन्। यी देशहरूमा रहेका परमाणु अस्त्र भण्डारहरूबाट विश्व नै ध्वस्त हुन सक्ने क्षमता रहेको छ । इरान पनि परमाणु शक्ति सम्पन्न राष्ट्र बन्ने होडबाजीमा लागेको हुनाले इरानले यस्तो हविगत भोग्नु परिरहेको छ। इरानका सबैभन्दा परम शत्रु इजरायल पनि इरानमाथि भयानक तरिकाले प्रहार गरिरहेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदरदास मोदीले इरान अमेरिका र इजरायल बीच जारी युद्धलाई विश्वकै लागि महास□ट को अवस्था भनेका छन्। विश्वका धेरैजसो देशहरूमा पेट्रोलियम पदार्थहरूको आसन्न संकट लाई हेर्दै आवश्यकीय सुविधाहरूमा समेत कटौती गर्न थालिएको छ । नेपालमा पनि सरकारले पेट्रोलियम पदार्थहरूको व्यापक अभावलाई विचार गर्दै सरकारी कार्यालयहरु र संस्थाहरूमा हप्ताको दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ, तर त्यतिले मात्र पनि इन्धनको खाँचोलाई टार्न सकिँदैन। नेपालमा पेट्रोलियम पदार्थ र खाना पकाउने प्राकृतिक ग्यास र इन्धनहरु शतप्रतिशत रूपमा आयात गरिन्छ । नेपालमा पेट्रोलियम पदार्थको उत्पादन गरिँदैन ।

नेपालको लागि पेट्रोलियम पदार्थको एकमात्र स्रोत भारत हो । भारतले नेपाल लगायत भुटान, म्यानमार, बांगलादेश र श्रीलंकालाई पेट्रोलियम पदार्थ को आपूर्ति गराउँदछ । भारतले पनि उक्त पेट्रोलियम पदार्थहरू खाडी मुलुकहरूबाट पनि खरिद गर्दछ। खाडी मुलुकहरूबाट आउने पेट्रोलियम पदार्थहरूको मुहान नै थुनिए पछि भारतीय उपमहाद्वीपका क्षेत्रहरूमा पनि इन्धन संकट विकराल रूप धारण गर्दैछ। पेट्रोलियम पदार्थको समस्याले गर्दा देशको अर्थतन्त्र बिग्रिने पुरै सम्भावना रहेको छ । बिस्तारै बिस्तारै बजारहरूमा मूल्य वृद्धि हुने लक्षण देखा पर्न थालिसकेको छ । बजारमा वस्तुहरु महँगो हुँदै जाने अवस्था सिर्जना भएपछि क्रय शक्ति घट्दै जाने र उपभोग पनि नियन्त्रण हुने अवस्थामा जनतालाई दैनिक जीवनयापन गर्न सक्ने अति आवश्यक आधारभूत आवश्यकताका वस्तुहरू पनि पाउन समस्या पर्न सक्छ । सरकारले यस्ता समस्याहरूबाट कसरी पार पाउने हो भन्ने कुरा बारे अहिलेसम्म कुनै ठोस निर्णय गर्न सकेको छैन ।

देशभित्र अहिले पनि जनताले अनुत्पादक क्षेत्रहरूमा लगानी गरिरहेको अवस्था छ । जसले गर्दा देशको विकास दरमा प्रतिकूल प्रभाव पर्न सक्ने संकेतहरु देखा पर्न सक्छ । सरकारलाई बजेट बनाउने चटारो छ तर सरकारले मुद्रास्फिति को उतारचढावको विचारै नगरिकन यदि बजेट निर्माण र परिचालन गर्ने हो भने त्यो बजेट सफल हुन सक्दैन। युद्ध जतिजति लम्बिँदैछ, विश्वमा चिन्ता र चासो लगातार बढ्दै गइरहेको छ। खाडी मुलुकतिर काम गर्न गएका युवाशक्तिहरूलाई आफ्नो जीवन रक्षाको चिन्ता एकातिर छ भने अर्कोतिर आफ्नो घरपरिवारमा पनि खाना पकाउने ग्याँसको समस्याली सताउन थालिसकेको छ।

आम उपभोक्ता वर्ग साह्रै चिन्तित छन् । स्थानीय सरकार, प्रान्तीय सरकार र संघीय सरकार ले चाहेर भएपनि खाना पकाउने ग्यास लाई सर्वसुलभ तरिकाले वितरण गराउन सकिरहेका छैनन् । आम उपभोक्ता वर्गमा खर्चमा किफायतीपना ल्याउनु जरूरी छ, तथा प्राकृतिक ग्यासको विकल्प खोज्नु पनि जरूरी छ। काठ दाउरा, गोबर गुइठा कोइला र इन्धनका अन्य स्रोत हरु खोज्नु जरुरी छ। कोरोना कालमा जसरी मानिसहरूले आफ्नो आवश्यकतालाई सीमित बनाउँदै बनाउँदै आफ्नो जीवन धान्न तथा प्राण रक्षा गर्न सफल भएका थिए त्यसरी नै अहिलेको इरान अमेरिका युद्ध को विषम परिस्थितिमा कि फायत पूर्ण सुरक्षात्मक नीति अपनाउनु जरूरी छ । अनावश्यक भोजभतेर, बिहे भोज, विवाह समारोह, साप्ताहिक पुराण लगाउने कार्यक्रमहरु, श्राद्ध भोजहरूलाई सकेसम्म छोटो बनाउने र स्थगित गरी संकटकालको गम्भीरतालाई महसुस गर्नुपर्ने आवश्यकता रहेको छ । जनतामा आत्म संयम र विवेक को भावना जागृत हुनु जरूरी छ। पेट्रोलियम पदार्थको जथाभावी प्रयोग लाई पनि नियन्त्रण गर्नुपर्दछ । सामाजिक संघसंस्था तथा स्थानीय जनप्रतिनिधिहरूले पनि निस्वार्थ रूपमा पेट्रोलियम पदार्थको वितरणलाई सन्तुलित बनाउनमा हृदय खोलेर सहयोग गर्नुपर्दछ अनि मात्र देशले संकटको घडीमा राष्ट्रिय एकताको अनुभूति गर्न सक्छ । पद प्रतिष्ठा र पहुँचको शक्तिबलमा कसैले पेट्रोलियम पदार्थहरूलाई सर्वसुलभ गर्नबाट वञ्चित पार्दछ भने त्यसलाई आवश्यक भयो भने न्यायको कटघरामा पनि उभ्याउनु को साथै पेट्रोलियम पदार्थको कालाबजारी र जम्माखोरी गर्ने चोर र तस्करलाई पनि नियन्त्रण गर्नु जरूरी छ । नेपाल सरकारले आफ्ना कर्मचारीहरूलाई सरकारी गाडीको प्रयोगलाई घटाउँदै त्यसको सट्टामा साधारण साइकल र इलेक्ट्रिक साइकल वितरण गरी इन्धनको बचत गर्नु आवश्यक छ ।

## तोकिए भन्दा छिटै पुल निर्माण



दमक/ शिवसताक्षी नगरपालिका वडा नं. ८ र ११ लाई जोड्ने सतासी खोलामाथिको मोटरेबल पुल निर्धारित समयभन्दा एक महिना अगावै निर्माण सम्पन्न भएको छ । कोशी प्रदेश सरकारको लगानीमा निर्माण गरिएको उक्त पुलले स्थानीयवासीलाई वर्षौंदेखिको सास्तीबाट मुक्त गराएको छ ।

पूर्व-पश्चिम राजमार्ग बाहेक वडा नं. ८ र ११ जोड्ने यो पहिलो पुल हो। वर्षायाममा सतासी खोलामा बाढी आउँदा स्थानीयवासी, विद्यार्थी तथा बिरामीले सास्ती खेप्दै आएका थिए । पुल निर्माणसँगै अहिले स्थानीयको दैनिक जीवन सहज बनेको छ ।

शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ब्याङ्डाँडाद्वारा उपलब्ध विवरण अनुसार 'सतासी खोलामा पुल निर्माण योजना' को ठेक्का देवी पाथिभरा कन्स्ट्रक्सन प्रा.लि. अर्जुनधारा( १, झापाले प्राप्त गरेको थियो । २०८२ माघ २० गते सम्झौता गरिएको उक्त योजनाको सम्पन्न गर्ने अन्तिम मिति २०८३ असार ५ तोकिएको थियो। तर निर्माण कम्पनीले निर्धारित समयभन्दा करिब एक महिना अगावै काम सम्पन्न गरेको हो । पुल निर्माणमा रू. ३२ लाख ३८ हजार ४ सय ९८ रूपैयाँ १ पैसा (भ्याट सहित) खर्च भएको जनाइएको छ । पुल बनेपछि विशेषगरी विद्यालय जाने विद्यार्थीलाई ठूलो राहत पुगेको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# साहित्य कला संगमको ६२ औं रचना वाचन



दमक । साहित्य कला सङ्गम दमकले सिर्जनशिल रचना वाचनको ६२ औं श्रृंखला सम्पन्न गरेको छ ।

संस्थाका अध्यक्ष बिन्दु दहाल मुकदर्शकको अध्यक्षतामा र कवि तथा साहित्यकार विरेन्द्र थोक्लिहाङको प्रमुख आतिथ्यतामा आयोजित सो कार्यक्रममा दमक प्रज्ञा प्रतिष्ठानका पुर्व अध्यक्ष हेमनाथ अधिकारी, साहित्य कला सङ्गमका पुर्व अध्यक्ष नरपति पाण्डे, उर्लावारी साहित्य समाजका अध्यक्ष यज्ञ परिश्रमी, मिक्लाजुङ साहित्य समाजका अध्यक्ष ईन्द्र धिमीरे, अर्लावारी साहित्य समाजका सदस्यहरू रेवतीप्रसाद घिमीरे र जितेन्द्र न्यौपाने, काव्य घरका अध्यक्ष तथा सञ्चारकर्मी राजकुमार खड्का र साहित्यकार हाङ ओझा थेगीम लगायतको बिशिष्ठ आतिथ्यता रहेको थियो ।

कार्यक्रममा संस्थाका उपाध्यक्षहरू यादवप्रसाद अधिकारी झाक्रिखोले र दुर्गा खनाल काफ्ले, महासचिव ओमप्रसाद खनाल, सचिव बिरेन्द्र खड्का, सह सचिव मेघनाथ बन्धु, कोषाध्यक्ष नेत्रप्रसाद अधिकारी, सदस्य बिबेक दुलाल क्षेत्री र सष्टाहरू किशोर खनाल, त्रिलोचन रेग्मी, खड्ग बहादुर खड्का, यादवप्रसाद नेपाल, गोपाल दहाल, पदमप्रसाद ओली, शान्तप्रसाद भट्टराई, अम्बिका प्रसाद सापकोटा, दिपेन्द्र नेपाल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागी सबै स्रष्टाहरू र प्रमुख अतिथि र अतिथिहरू सबैले रचना वाचन गरेका थिए । संस्थाका उपाध्यक्ष यादवप्रसाद अधिकारी झाक्रिखोलेले स्वागत मन्तव्य राखेको कार्यक्रमको संस्थाका महासचिव ओमप्रसाद खनालले सञ्चालन गरेका थिए ।

# चीनको सिमामा जोडियो सडक

संखुवासभा/ संखुवासभाको दुर्गम हिमाली भोटखोला क्षेत्रको चीन सीमा नजिक किमाथांका सडक सञ्जालमा जोडिएको छ ।

उत्तर(दक्षिण कोशी राजमार्गअन्तर्गत मोरङको जोगवनीदेखि किमाथांकासम्मको ३ सय ५७ किलोमिटर सडक निर्माण सम्पन्न भएको हो । सडक हस्तान्तरण भएको तीन दिनपछि खाद्यान्न बोकेका तीनवटा ट्याक्टर पहिलो पटक किमाथांकासम्म पुगेका छन् ।

भोटखोलाको च्याम्ताङदेखि घोङ्प्पाको भीर छिचोलिएपछि जिल्ला सदरमुकाम खाँदबारीबाट हिँडेको सवारी पहिलो पटक किमाथांका गाउँ पुगेको हो । पहिलो पटक गाउँसम्म ट्याक्टर पुगेपछि स्थानीयबासी उत्साहित बनेका छन् । ट्याक्टर चालक, एक्स्काभेटर चालक तथा किमाथांका सडक अभियानसँग सम्बन्धित टोलीलाई स्थानीयले भव्य स्वागत गरेको भोटखोला गाउँपालिकाका अध्यक्ष वाङ्छेदर भोटेले बताएका छन् ।

वर्षौंदेखिको सडक सपना पूरा हुँदा स्थानीयले खुसीयाली मनाएका छन्। खाँदबारी(किमाथांका १ सय ५७ किलोमिटर तथा खाँदबारी(जोगवनी २ सय किलोमिटर सडक तयार भएको उत्तर(दक्षिण कोशी सडक योजनाले जनाएको छ। हाल खाँदबारीसम्म २ सय किलोमिटर कालोपत्र सडक सञ्चालनमा छ । खाँदबारीदेखि नूमसम्मको ३९ किलोमिटर सडक कालोपत्र गर्ने काम तीव्र गतिमा भइरहेको छ। नुमभन्दा माथिल्लो क्षेत्रमा कच्ची सडक निर्माण सम्पन्न भइसकेको योजना प्रमुख रामबहादुर गुरूङले जानकारी दिए ।

# कारागारबाट भागेकी तामाङ पक्राउ



काठमाडौं । केन्द्रीय कागाराबाट शुक्रबार भागेकी सपना तामाङ असनको बांगेमुढाबाट गएराति पक्राउ परेकी छिन्।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले उनलाई पक्राउ गरेको हो।

अपहरण, हत्या र डकैती मुद्दामा अदालतबाट २५ वर्ष कैद सजाय तोकिएकी उनी शुक्रबार कारागारको पर्खालबाट भागेकी थिइन्। त्यसको १२ घन्टापछि मात्र जेल प्रशासनले थाहा पाएको थियो। २५ वर्षीया तामाङको 'जेलब्रेक' बारे छानबिन गर्न कारागार प्रशासनले छानबिन समिति पनि गठन गरेको छ।

उनलाई भगाउन सहयोग गर्ने भोजपुर घर भएका २६ वर्षीय साजन श्रेष्ठलाई पनि पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्काले बताए। श्रेष्ठकी आमा पनि उदयपुर कारागारमा छिन्। प्रारम्भिक छानबिनमा श्रेष्ठ युवतीको प्रेमी भएको खुलेको छ।

प्रहरी स्रोतका अनुसार पहिला उनको आमा पनि केन्द्रीय कारागारमै थिइन्। आमालाई भेट्न जाँदा सपनासँग चिनजान भएर उनीहरू प्रेम सम्बन्धमा परेका थिए। सोहीअनुसार भाग्ने योजना बनाएका हुन्। युवती जेलको पर्खालबाट भागेको बेला उनले मोटरसाइकलमा राखेर लिएको गएको खुलेको छ।

# रैथाने बाली संरक्षणका लागि बिउ बैंक




भोजपुर/ षडानन्द नगरपालिकाले रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले बीउ बैंक स्थापना गरी प्रभावकारी अभियान सुरु गरेको छ । परम्परागत रूपमा खेती हुँदै आएका स्थानीय बाली हराउँदै जाने जोखिम बढ्दै गएपछि नगरपालिकाले दीर्घकालीन सोचसहित संरक्षण अभियान अघि बढाएको हो ।

किसानलाई गुणस्तरीय रैथाने बीउ उपलब्ध गराउने, लोपोन्मुख अवस्थामा पुगेका स्थानीय जातका बाली पुनः उत्पादनमा ल्याउने तथा कृषि जैविक विविधता जोगाउने लक्ष्यसहित बीउ बैंक स्थापना गरिएको नगरपालिकाका प्रमुख सुरेन्द्रकुमार उदासले जानकारी दिए । उनका अनुसार यस अभियानले स्थानीयस्तरमा रैथाने बालीको संरक्षणमा योगदान पुग्ने विश्वास गरिएको छ । स्थानीय रैथाने बालीको संरक्षण र विकासलाई प्राथमिकतामा राखेको जनाउँदै उनले बीउ बैंकमार्फत बीउ संकलनसँगै किसानलाई वितरण गर्ने कामलाई निरन्तरता दिएको बताए ।

बीउ बैंकमार्फत कोदो, फापर, जौं, चिनो, कागुनो, गहत, भटमास, सिमी, मकैलगायत विभिन्न रैथाने बालीका बीउ संकलन गरी संरक्षण गरिएको कृषि शाखा प्रमुख दिपेन थापाले जानकारी दिए । उनका अनुसार हालसम्म षडानन्द क्षेत्रमा उत्पादन हुने २७ बालीका ११५ जात संकलन गरिएको छ ।

बीउ बैंकमा स्थानीय रैथाने बालीको व्यवस्थित संकलन गरेको र सो बीउ किसानलाई ५० प्रतिशत अनुदानमा वितरण गर्दै रैथाने बालीको विस्तार गर्दै आएको उनको भनाई छ । बीउ बैंकमार्फत किसानलाई बीउ छनोट, संरक्षण विधि तथा उत्पादन प्रवर्द्धनसम्बन्धी तालिम प्रदान गरिँदै आएको छ । यसले परम्परागत ज्ञान र अभ्यासलाई आधुनिक कृषि प्रविधिसँग जोड्न मद्दत पुगेको छ ।

नगरपालिकाका उपप्रमुख प्रमिला राईले रैथाने बालीको संरक्षण, विकास र प्रवर्द्धन गर्ने उद्देश्यले बीउ बैंक सञ्चालनमा ल्याइएको बताएकी छन् । आगामी दिनमा बीउ बैंकलाई अझ व्यवस्थित र प्रभावकारी बनाउँदै विस्तार गर्ने योजना बनाएको छ । साथै, रैथाने बालीको बजारीकरण, ब्रान्डिङ तथा मूल्य अभिवृद्धिमा जोड दिँदै किसानको आयस्तर वृद्धि गर्ने लक्ष्य राखिएको छ ।

ADVt.

## जिल्लाकै उत्कृष्ट मध्येमा

# ग्लोवल एजुकेशनल एकेडेमी




# ५ जना विद्यार्थीले ल्याए ४ जीपीए




दमक⁄ झापाको दमक ६ स्थित ग्लोवल एजुकेशनल एकेडेमीले गत एसईई परीक्षामा उत्कृष्ट नतिजा हाासिल गरेको छ । जिल्लाकै उत्कृष्ट मध्येमा प्राप्त नतिजा अनुसार यस विद्यालयका ५ जना विद्यार्थीले ४ जीपीए प्राप्त गरेका छन् । विद्यालयका प्रतिक अर्यालय, पुजन पौडेल, रोशन बिमली, रोनिश दाहाल र स्वेच्छा अधिकारीले ४ जीपीए ल्याएका हुन् ।

यस्तै सो परीक्षामा ३१ जनाले ए प्लस, २९ जनाले ए ग्रेड सहित विद्यार्थीहरु उत्तिर्ण भएको विद्यालयका प्रिन्सिपल गुणराज अधिकारीले जानकारी दिएका छन् । ग्लोवलबाट २०५३ सालमा स्थापना भई सोहि वर्ष देखिनै विद्यार्थीहरु एसईई (तत्कालिन एसएलसी) मा सहभागी हुादै आएको छ ।

झापाका शैक्षिक तथा सामाजिक अगुवाहरुद्वारा सञ्चालित यस विद्यालयमा कक्षा ११,१२ मा विज्ञान, व्यवस्थापन, मानवीकी, शिक्षा शाष्त्र, होटल म्यानेजमेन्ट र कानून विषयमा अध्ययन्–अध्यापन हुने गरेको छ । शिक्षक, अभिभावक, विद्यार्थी, सञ्चालक सबैको संयुक्त प्रयासबाट विद्यालयले उत्कृष्ट नतिजा हाासिल गर्दै आएको प्रिन्सिपल अधिकारीले जनाएका छन् । स्तरीय पूर्वाधार एवम् दक्ष शिक्षक तथा प्रशिक्षकहरु रहेको यस विद्यालयले निरन्तर रुपमा गुणस्तरीय पूर्वाधार र प्रविधिहरुको विकास गर्दै आएको विद्यालयका शिक्षा समिति संयोजक खेम भण्डारीले जानकारी दिएका छन् । नयाँ शैक्षिक कार्यक्रमहरु थप गरी अझ गुणस्तरीय र स्तरीय शिक्षा प्रदानको लक्ष्य रहेको उनले बताए ।

विद्यार्थीहरुलाई किताबी ज्ञान मात्र नभई विभिन्न प्रयोगात्मक कक्षा, अध्ययन् अवलोकन लगायतका कार्यक्रममा समेत सहभागी गराई समग्र समाज अध्ययनको अवसर समेत प्रदान गरिने गरेको विद्यालयले जनाएको छ । यस्तै विद्यार्थीहरुमा अन्तरनिहीत क्षमता विकासका लागि अतिरिक्त क्रियाकलापमा समेत जोड दिँदै आएकाले यहाँका विद्यार्थीहरुले विभिन्न प्रतियोगीताहरुमा पनि उत्कृष्ट नतिजा हाासिल गर्दै आएको जनाईएको छ ।

# बाँदरको समस्या : कतै गस्ति, कतै हेरालु

दमक/ पूर्वी पहाडी जिल्लाहरूमा बाँदरको समस्या बढ्दा सर्वसाधारण हैरान भएका छन् । बाँदरले बाली नष्ट गर्ने क्रम बढेसँगै हेरालुको व्यवस्था गर्न थालिएको छ भने कतै समुह बनाएर गस्ति गर्न थालिएको छ ।

ढेडु र बाँदरले बाली नष्ट गर्ने क्रम बढेपछि पाँचथरको फिदिम नगरपालिका-४ मा स्थानीयले सामूहीक गस्ती गर्न थालेका छन् । बाली जोगाएर बाँदर धपाउन प्रत्येक घरबाट एकजनाका दरले जम्मा भएर पहरा दिन थालिएको हो । फिदिम ४ को सालघारी, थाक्ले, थापाटार, तिरतिरे र सारन्तासँगै हेवा खोला क्षेत्रमा बाँदरको दुःख धेरै छ । फिदिम ४ का सोमनाथ ढकालका अनुसार वर्ष भरि खेतीमा गरेको मेहनतको फल मान्छेले भन्दा बढि ढेडु बाँदरले खान थालेका छन् । खेतमै गएर दिन भरि रूङ्दा पनि बालि जोगाउन कठिन भएको उनले जनाए ।

खेतबारीमा पाकेको मात्रै नभएर भर्खरै लगाइएका खेतीको टुसा, बोटबिरूवाको पालुवा र घरमा भण्डारण गरेको मकैलगायतका अन्नसमेत खान थालेपछि स्थानीयले बाँदर धपाउने रणनीति बनाएका हुन् ।

यहाँ बाँदर व्यवस्थापनका लागि वडा कार्यालयले चालु आर्थिक वर्षमा एक लाख रूपैंया बजेट विनियोजन गरेको छ । यो रकम बाँदर धपाउन पहरा दिन खट्नेको खाजामा खर्च गरिन्छ । यस्तै कुम्मायक गाउपालिका १ ले बाँदरबाट मकै बाली जोगाउन ९ जना हेरालु राखेको छ । उनीहरूलाई पारिश्रमिक भने डोर हाजिरा भराएर प्रतिव्यक्ति १६ हजारका दरले उपलब्ध गराउने गरिन्छ । बाँदर भगाउने उपकरण उपकरण वडा कार्यालयले उपलब्ध गराएको छ ।

यस्तै धनकुटा ४ का सुर्यबहादुर आठपहरीया बाँदरको दुःखका कारण खेती गर्नु कि नगर्नु भन्ने अवस्थामा पुगि सकेको बताएका छन् । यहाँका केही स्थानीय तहमा हरेक वर्षको योजना तर्जूमा गर्दा बाँदर नियन्त्रण नै पहिलो एजेन्डा हुने गरेको छ । तर, त्यसले किसानको दु;ख कम भएको छैन । बाँदरमाथि खोज, अनुसन्धान गरिरहेका धनकुटाका विकास अधिकारी वशिषगरि रातो बाँदरले कृषिबालीमा बढी क्षति पुर्‍याउने बताउँछन् । बाँदर अहिले आˆनो आहाराका लागि ४५ प्रतिशत जंगल र ५५ प्रतिशत मान्छेले लगाएको खेतीबालीमा निर्भर रहेको उनको अनुसन्धानले देखाएको छ ।

## दैनिक राशिफल

आज मिति २०८३ साल जेठ ०५ गते मंगलबार 19 May 2026 तिथि: तृतिया



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | विपरीतलीङ्गीबाट सहयोग । विशेष धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मावलीबाट सहयोग । अरुदिनको भन्दा आज आयमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | सन्तानबाट सहयोग, पढाईमा रुचि । लगानी उठने वा व्यापारबाट धन लाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पारिवारिक सदभाव बढ्ने । आज धन लाभका दिन । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | भाईबहिनीबाट सहयोग । पराक्रम बढ्ने, आम्दानी बढ्ने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | धन जम्मा गर्ने दिन । उत्तम भोजन । |
| तुला | रा री रु रे रो ता ती तु ते | पश्चिम दिशाको कारोबारमा लाभ । मनमा शान्ति, धर्ममा रुचि । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | शुभकार्यमा रुचि । सामान्य मनमा अशान्ति । |
| धनु | य यो भा भी भ धा फा ढ भे | वैदेशिक कार्यबाट लाभ । कारोबारबाट धन लाभ । |
| मकर | भो जा जी खि खु खे खो गा गी | माता, पिताबाट सहयोग । कार्यमा सफलता । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | सामान्य लाभ । पूण्यकर्म गर्न मन लाग्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मनमा अशान्ति । व्यवसायबाट सामान्य लाभ । |

# सिटी सफारी चोरी गर्ने गिरोह पक्राउ

दमक । झापामा सिटी सफारी चोरीमा संलग्न १० जनाको गिरोहलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेकाहरूबाट चोरी भएका ७ वटा सिटी सफारी, २० वटा ब्याट्री र एक थान चार्जिङ कन्ट्रोलर बरामद गरिएको प्रहरीले जनाएको छ । बरामद सामानको कुल मूल्य करिब २१ लाख ५५ हजार रूपैयाँ रहेको छ ।

भद्रपुर, बिर्तामोड र काँकरभिट्टा लगायतका क्षेत्रमा पार्किङ गरी राखिएका सिटी सफारीहरु विभिन्न मितिमा चोरी भएपछि जिल्ला प्रहरी कार्यालय झापा, इलाका प्रहरी कार्यालय काँकडभिट्टा र बिर्तामोडको संयुक्त टोलीले अनुसन्धान थालेको थियो। अनुसन्धानका क्रममा प्रहरीले सीसीटीभी फुटेजको सहायताले चोरीमा संलग्न व्यक्तिहरूको पहिचान गरी पक्राउ गर्न सफल भएको हो ।

प्रहरीका अनुसार पक्राउ पर्ने मुख्य अभियुक्तहरूमा मेचीनगरका २२ वर्षीय अभिषेक चौधरी उर्फ रूपककुमार सरदार, बिर्तामोडका ३१ वर्षीय मोहमद सलिम र मेचीनगरकै ३० वर्षीय अभिशेक उराउ रहेका छन्। साथै चोरी भएका सिटी सफारीका ब्याट्री खरिद तथा बिक्रीमा संलग्न थप सात जनालाई पनि नियन्त्रणमा लिइएको छ । उनीहरूमध्ये केही भारतको पश्चिम बंगाल र बिहारका नागरिक रहेका छन् ।

प्रहरीले चोरी भएका प्रदेश १ का विभिन्न नम्बर प्लेट भएका ७ वटा सिटी सफारी फेला पारेको जनाएको छ। साथै मेचीनगर, अर्जुनधारा र चारआली क्षेत्रका विभिन्न कवाडी पसल तथा कोठाबाट ब्याट्रीहरु बरामद गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी डीएसपी खगेन्बहादुर खड्काका अनुसार पक्राउ परेकाविरूद्ध मुलुकी फौजदारी अपराध संहिता २०७४ अन्तर्गत चोरी कसुरमा मुद्दा दर्ता गरी जिल्ला अदालत झापाबाट पाँच दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको छ। यस घटनासम्बन्धी सात वटा जाहेरी प्रहरीमा दर्ता भएका छन् ।

र महतोका अनुसार दुर्घटना भएको सवारीभित्र च्यापिएकी उनको उद्धारगर्दा मृत्यु भइसकेको थियो ।

टाटा विंगर आफै अनियन्त्रित भई सडकमा पल्टिएर दुर्घटना भएको प्रहरीको भनाइ छ। दुर्घटनामा सवारी चालक पाँचथरको फाल्गुनन्द गाउँपालिका-१ बस्ने अन्दाजी २८ वर्षीय तेजकुमार चेम्जोङ र सवारीमा रहेका ताप्लेजुङको फुङलिङ नगरपालिका-८ बस्ने अन्दाजी २२ वर्षीय दिपेन रसाइली घाइते भएका छन् ।

घाइतेको शरीरका विभिन्न भागमा चोट लागेको प्रहरीले जनाएको छ । उनीहरु दुवै जनालाई थप उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ ।

दुर्घटनाग्रस्त सवारीमा करिब दुई हजार पाँच सय चल्ला समेत रहेका र दुर्घटनाबाट केही चल्ला मरेका छन् । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

---

**तराईमा...**प्रणालीलाई मुख्य प्राथमिकतामा राखेको छ । प्रदेशका पहाडी जिल्लाहरूमा पहिरो र तराईका जिल्लाहरूमा बाढीको उच्च जोखिम रहेकाले सरकारले १४ वटै जिल्लाका सुरक्षा निकाय र स्थानीय प्रशासनलाई उच्च सतर्कतामा राखेको छ ।

विगतको तथ्यांक हेर्दा कोशी प्रदेशमा चट्याङ र विद्युतीय दुर्घटनाबाट हुने मृत्युको संख्या निकै उच्च छ । चालू आर्थिक वर्षको वैशाख १० गतेसम्म मात्रै विपद्का विभिन्न घटनामा परी १२५ जनाले ज्यान गुमाएका छन्, जसमा ४१ जनाको मृत्यु चट्याङबाट मात्रै भएको छ । यस्तै, वन्यजन्तुको आक्रमणबाट ३१, विद्युतीय दुर्घटनामा २१ र सर्पदंशबाट १० जनाको ज्यान गएको प्रहरीको विवरण छ । यी तथ्यांकलाई मध्यनजर गर्दै सरकारले स्वास्थ्य संस्थाहरूमा एन्टि-स्नेक भेनमको पर्याप्त मौज्दात राख्न र आकस्मिक कक्षहरूलाई चौबीसै घण्टा सञ्चालन गर्न निर्देशन दिएको छ । सर्पदंश र वन्यजन्तुको आक्रमणबाट हुने क्षति कम गर्न स्थानीय स्तरमा सचेतना अभियानलाई पनि तीव्र पारिएको छ ।

सरकारले नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनासँगको समन्वयमा द्रुत प्रतिकार्य टोली परिचालन गर्ने योजना बनाएको छ । विद्यालय स्तरमा विपद् शिक्षा र स्थानीय तहसँगको सहकार्यले मनसुनजन्य क्षतिलाई न्यून गर्न सकिने सरकारको दाबी छ ।

**प्रविधिको उपयोग**

सरकारले यसपटक प्रविधिको प्रयोगलाई जोड दिँदै बाढी आउनुअघि नै तल्लो तटीय क्षेत्रका बासिन्दालाई मोबाइल एसएमएस र साइरन मार्फत जानकारी दिने प्रणालीलाई व्यवस्थित बनाएको छ । यसले गर्दा सर्वसाधारणलाई सुरक्षित स्थानमा सर्न पर्याप्त समय मिल्ने सरकारको विश्वास छ । विपद् आइहालेको खण्डमा तत्काल उद्धारका लागि कोशी नदी र अन्य ठूला खोलाका तटीय क्षेत्रमा गोताखोरसहितको तालिमप्राप्त सुरक्षाकर्मीको टोलीलाई तयारी अवस्थामा राखिएको छ । साथै, पहाडी जिल्लाहरूमा पहिरोले सडक अवरूद्ध हुँदा तत्काल खुलाउनका लागि आवश्यक मेसिनरी उपकरणहरु रणनीतिक स्थानमा तैनाथ गरिएको छ ।

**३५० बढी...**समेत तीव्र रूपमा भइरहेको बताइन् ।

तीनपुस्ते सार्वजनिक भएपछि अहिले ऋणीहरूले रकम फिर्ता गर्न थालेको उनले जानकारी दिइन् । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अनुसार अहिले समस्याग्रस्त सहकारीका ऋणीहरूले २ करोड भन्दा बढी ऋण फिर्ता गरेका छन् । ऋणी असुली र बचत फिर्ता सँगसँगै अघि बढ्ने समितिले जनाएको छ ।

**झापाका...**प्रदेश सरकारका निकायलाई पटक-पटक ध्यानाकर्षण गराउँदा पनि कुनै सुनुवाइ नभएकाले नेपाल निर्माण व्यवसायी महासंघको आन्दोलन कार्यक्रमअनुसार काम रोकिएको जानकारी दिए।

निर्माण व्यवसायीहरूले जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएपछि केही समय धर्ना दिएका थिए। त्यसपछि र्‍यालीसहित सिँचाइ विकास डिभिजन कार्यालय, सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय तथा जिल्ला पूर्वाधार कार्यालय झापामा पनि ज्ञापनपत्र बुझाइएको थियो।

संघका महासचिव पुष्पराज निरौलाले हालको मूल्यवृद्धिका कारण व्यवसायीहरु चरम आर्थिक संकटमा पुगेको बताए। उनका अनुसार डिजेल, बिटुमिनलगायत सामग्रीको मूल्य अत्यधिक बढेकाले पुरानै दररेटमा काम गर्दा व्यवसायीहरु थप घाटामा जाने अवस्था छ। उनले काम नगरेको बहानामा निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने र बैंक जमानत खोस्ने चेतावनीपूर्ण पत्र पठाएर आतंकित बनाइएको आरोपसमेत लगाए।

निर्माण व्यवसायीहरूले निर्माण क्षेत्रले मुलुकको कुल ग्राहस्थ उत्पादनमा करिब १३ प्रतिशत योगदान गर्ने र पूँजीगत बजेटको ठूलो हिस्सा यही क्षेत्रमार्फत खर्च हुने उल्लेख गर्दै सरकारले तत्काल मूल्य समायोजन गर्नुपर्ने माग गरेका छन्। काम रोकिएसँगै झापामा सञ्चालित सयौं विकास योजना प्रभावित हुने देखिएको छ।

**श्रम....**दिए । अर्यालले सांसदहरूलाई आकस्मिक समयमा फरक विषय नबोल्न आग्रह पनि गरे । प्रतिनिधि सभाको बैठकमा आकस्मिक समय मागेका सांसदहरूले आफूलाई जानकारी गराएको भन्दा फरक विषयवस्तु राखेको भन्दै सभामुखले ध्यानाकर्षण गराएका हुन् ।

श्रम संस्कृतिका तर्फबाट प्रधानमन्त्री संसदप्रति जवाफदेही हुनुपर्ने नारा लेखिएका पर्चा पार्टीका अध्यक्ष हर्क साम्पाङसहितका सबै सांसदहरूले प्रदर्शन गरेका थिए । केहीबेर पर्चा देखाएपछि उनीहरु आसनमा फर्किएका थिए । यद्यपि, पर्चा छातीमा टाँसेर बसेका थिए ।

**विद्यालयमा...**न्यौपानेले बताएकी छन् । आफुले सिकेको ज्ञान र शिप परिवार र समुदायमा प्रवाह गर्न समेत विद्यार्थीहरूलाई आग्रह गरिन्

कार्यक्रममा हिमालय माविका प्रधानाध्यापक द्रोर्णबहादुर श्रेष्ठले अहिले खाद्य सुरक्षा र पोषणको विषय जटिल विषय बनि रहेकाले यो तालिम उपयोगी हुने आशा व्यक्त गर्नुभयो । सहभागीहरूलाई प्रशिक्षकहरू सागर गौतम, सुमन न्यौपानले खाद्य सुरक्षा, पोषण लगायतका बारेमा जानकारी गराएका थिए । मदानी मिडीयाको संयोजन र व्यवस्थापनमा कार्यक्रम शुरू भएको हो ।

## आन्ध्र प्रदेशमा बढी बच्चा जन्माउन प्रोत्साहन

एजेन्सी/ भारतको आन्ध्र प्रदेश राज्य सरकारले धेरै सन्तान जन्माउने परिवारलाई आर्थिक प्रोत्साहन दिने घोषणा गरेको छ । आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडूले धेरै सन्तान जन्माउने परिवारलाई आर्थिक प्रोत्साहन दिने घोषणा गरेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

मुख्यमन्त्री नायडूका अनुसार तेस्रो सन्तान जन्माउने अभिभावकले ३० हजार र चौथो सन्तान जन्मिएमा ४० हजार भारतीय रूपैयाँ प्रोत्साहन रकम पाउनेछन् । यस्तै दोस्रो वा त्योभन्दा धेरै सन्तान जन्माउँदा २५ हजार रूपैयाँ प्रसूति सहायतासमेत दिने मुख्यमन्त्रीको भनाइ छ ।

सरकारले तेस्रो र त्योभन्दा माथिका सन्तानका लागि ५ वर्षसम्म मासिक १ हजार रूपैयाँ पोषण भत्ता र १८ वर्षसम्म निःशुल्क शिक्षाको व्यवस्था गर्ने तयारी पनि गरेको छ । यस्तै राज्य सरकारले तेस्रो सन्तान जन्मिँदा आमालाई १२ महिना र बाबुलाई २ महिनाको बिदा दिने योजना पनि अघि सारेको छ । राज्यका झन्डै ५८ प्रतिशत परिवारमा १ जनामात्रै सन्तान रहेको पाइएको छ ।

आन्ध्र प्रदेशको प्रजनन दर सन् १९९३ मा ३ रहेको टीएफआर अहिले १ दशमलव ५ मा झरेको छ । मुख्यमन्त्रीले जनसत्त्याको सन्तुलन कायम राख्न जन्मदर २ दशमलव १ आवश्यक हुने बताएको हिन्दुस्तान टाइम्सले जनाएको छ ।

## जलवायू परिवर्तनले निम्त्याउँदै संकट

एजेन्सी/ जलवायु परिवर्तनका कारण विश्वभरका नदीहरूमा अक्सिजनको मात्रा निरन्तर घटिरहेको एक अध्ययनले देखाएको छ । यसले ताजा पानीका लागि गम्भीर जोखिम सिर्जना गरेको अध्ययनलाई उद्धृत गर्दै चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ । अध्ययनअनुसार नदीहरूमा अक्सिजनको मात्रा औसतमा प्रतिदशक ०.०४५ मिलिग्राम प्रतिलिटरका दरले घटिरहेको छ । अध्ययन गरिएका झन्डै ८० प्रतिशत नदीहरूमा अक्सिजन कमी देखिएको छ । चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गत नान्जिङ भूगोल तथा लिम्नोलोजी संस्थानका अनुसन्धानकर्ताहरूको नेतृत्वमा भएको अध्ययन 'साइन्स एडभान्सेस' नामक वैज्ञानिक जर्नलमा प्रकाशित भएको हो ।

अनुसन्धान टोलीले सन् १९८५ देखि २०२३ सम्मको झन्डै ४० वर्षको तथ्यांक विश्लेषण गरेको थियो । अध्ययनमा विश्वभरका २१ हजारभन्दा धेरै नदी खण्डहरूको अक्सिजन स्तर मापन गर्न उन्नत कम्प्युटर आधारित विश्लेषण विधि प्रयोग गरिएको खबरमा उल्लेख छ ।

यस्तै जलवायु परिवर्तनको प्रभावका कारण अस्ट्रेलियामा आउँदो वर्षहरूमा आवास संकट अत्यन्त गम्भीर बन्न सक्ने एक अध्ययनले देखाएको छ । अहिलेकै अवस्था रहिरहे सन् २०३५ सम्म घरबारविहीनहरूको सत्त्या चार गुणासम्म बढ्न सक्ने देखिएको हो । अध्ययनका अनुसार यसले जलवायु परिवर्तनले केवल वातावरणमा मात्र नभई मानिसहरूको दैनिकी, बसोवास र आर्थिक अवस्थामा समेत गहिरो प्रभाव पारिरहेको छ ।

खेलकुद

## सन्दीपले बनाए विश्वकिर्तिमान



दमक/ नेपाली राष्ट्रिय क्रिकेट टोलीका स्टार स्पिनर सन्दीप लामिछानेले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट (ओडीआई) मा विश्व कीर्तिमान बनाएका छन् ।

२५ वर्षीय सन्दीप एकदिवसीय अन्तर्राष्ट्रिय सबैभन्दा छिटो १५० विकेट लिने खेलाडी बनेका हुन् । घरेलु मैदान कीर्तिपुरको त्रिवि रङ्शालामा चलिरहेको आईसीसी क्रिकेट विश्वकप लिग(२ शृत्तलामा स्कटल्यान्डसँगको खेलमा सन्दीपले यो उपलब्धि हासिल गरेका हुन् ।

सन्दीपले ७३ एकदिवसीय अन्तर्राष्ट्रियमा १५० विकेट लिएका हुन् । सन्दीपले अस्ट्रेलियाका स्टार बलर मिचेल स्टार्कलाई पछि पारे । स्टार्कले ७७ खेलमा १५० विकेट लिएका थिए ।

सन्दीप लामिछाने एकदिवसीय अन्तर्राष्ट्रियमा सबैभन्दा कम खेलमा १०० विकेट लिने खेलाडी पनि हुन् । उनले अफगानिस्तानका राशिद खानलाई पछि पार्दै ४२ खेलमा यो उपलब्धि हासिल गरेका थिए । राशिदले ४४ खेलमा १०० विकेट लिएका थिए ।

**दुर्घटना....**४० वर्षीया सवित्रा ढुंगेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी नायब उपरिक्षक ज्ञानकुमार महतोले जानकारी दिए । दुर्घटनापछि सवारीभित्र च्यापिएर उनको ज्यान गएको हो । सुनसरीको इटहरीबाट पाँचथरतर्फ जाँदै गरेको प्र १(०१(००१ ज ३९४९ नम्बरको विंगर आफैं अनियन्त्रित भई सडकमा पल्टिएर दुर्घटना भएको हो । दुर्घटनामा सवारी चालक पाँचथरको फाल्गुनन्द गाउँपालिका-१ बस्ने अन्दाजी २८ वर्षीय तेजकुमार चेम्जोङ र सवारीमा रहेका ताप्लेजुङको फुङलिङ नगरपालिका(८ बस्ने अन्दाजी २२ वर्षीय दिपेन रसाइली घाइते भएका छन् ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लंघन हो–यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं।
- समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

AAMA Dental
We Care For Your Smile
आमा डेन्टल प्रा.लि.
आफ्नो स्थापनाको
१० औं को
वार्षिकोत्सव
शुभअवसरमा आफ्ना आदरणीय सेवाग्राहीहरुका लागि.....
विशेष अफर
प्रदान गर्दछौं ।
१ निःशुल्क ओपीडी सेवा ।
२ डेन्टल एक्स-रेमा ५०% छुट ।
३ सबै किसिमका दन्त उपचार सेवामा २०% सम्म छुट ।
यो अफर जेठ महिना भरि लागु हुनेछ....
दमक-६, थानारोड (प्रधान कार्यालय) सम्पर्क नम्बर : 023-572643/ 9814912500
दमक-१, रवि स्टेन्ड गेट नजिक (शाखा कार्यालय) सम्पर्क नम्बर : 023-577816

हिमालयन बैंक लिमिटेड
दमक शाखाको तपसिलमा उल्लेखित
ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंक बाट विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउन पर्ने सांवा, व्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा तिर्न बुझाउन पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सांवा, व्याज, आदी अविलम्ब चुक्ता भुक्तान गर्नु होला । अन्यथा कालोसूचीमा राखि ऐन कानून तथा ऋणी र बैंकबीच भएको लिखत अनुसार कारवाही गरी बैंकको लेना असुल गरिने छ ।

तपशिल

शाखा कार्यालयः दमक शाखा, झापा

**१. बाणिज्य विभाग (जारी गर्ने कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय झापा)मा प्रा.फ.र.नं. २६८/१७७१/२०६६/०६७ कायम भई मिति २०६६/०९/२८ मा दर्ता भएको **मथुरा ईन्टर प्राइजेज (ऋणी)**
**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः** पारस श्रेष्ठ
**व्यक्तिगत जमानी दिनेः** संगीता श्रेष्ठ, करूणा श्रेष्ठ, भेनस श्रेष्ठ र दुर्गा प्रसाद श्रेष्ठ
**२. बाणिज्य विभागमा प्रा.फ.र.नं. २६४/२३४८ (जारी गर्ने कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय झापा) कायम भई मिति २०६७/११/१९ मा दर्ता भएको **न्यू झापा ट्रेड कर्न्सन (ऋणी)**
**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः** संगीता श्रेष्ठ
**व्यक्तिगत जमानी दिनेः** पारस श्रेष्ठ, करूणा श्रेष्ठ, भेनस श्रेष्ठ र दुर्गा प्रसाद श्रेष्ठ

**ऋणी मथुरा ईन्टर प्राइजेज र न्यू झापा ट्रेड कर्न्सनको लागि धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**
खड्ग बहादुर श्रेष्ठको नाति दुर्गा प्रसाद श्रेष्ठको छोरा मोरङ जिल्ला विराटनगर उप म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ११ बस्ने पारस श्रेष्ठ -१ र ऐ.को नाति ऐ. को छोरा ऐ.ऐ. बस्ने भेनस श्रेष्ठ - १ समेत जना २ को संयुक्त नाममा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. ११ सिट नं. १७३१५७७११ स्थित कित्ता नं. ३६२ को क्षेत्रफल २७५.०० वर्ग मिटरको घरजग्गा समेत ।

**ऋणी न्यू झापा ट्रेड कर्न्सनको लागि धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**
१. खड्ग बहादुर श्रेष्ठको नाति दुर्गा प्रसाद श्रेष्ठको छोरा मोरङ जिल्ला विराटनगर उप म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ११ बस्ने **भेनस श्रेष्ठ**को नाममा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ८ घ (हाल परिवर्तित उर्लाबारी न.पा. वडा नं. १) स्थित कित्ता नं. ९०२ को क्षेत्रफल १३५४.५२ वर्ग मिटरको जग्गा समेत ।
२. छविलाल श्रेष्ठको नाति खड्ग बहादुर श्रेष्ठको छोरा मोरङ जिल्ला विराटनगर उप म.न.पा. वडा नं. १० (हाल परिवर्तित विराटनगर म.न.पा. वडा नं. ७) बस्ने **दुर्गा प्रसाद श्रेष्ठ**को नाममा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ८घ (हाल परिवर्तित उर्लाबारी न.पा. वडा नं. १) स्थित कित्ता नं. ७५३ को क्षेत्रफल ३-१४-११ (विघा) जग्गा समेत।

HBL Himalayan Bank Ltd.

प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, प्रबन्धकः सुवासचन्द्र भट्टराई, कार्यकारी सम्पादकः खगेन्द्र कार्की ले-आउटः सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल
कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२, मुद्रणः ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com